NIC ASIA CAPITAL

idea to IPO
Connecting the dots...

# प्रेस विज्ञप्ति
# भाद्र १६, २०८२

## एन आई सी एशिया इक्वीटी लिङ्कड इन्भेष्टमेण्ट स्किम (NIC ASIA Equity Linked Investment Scheme) को इकाई बाँडफाँड सम्पन्न ।

एन आई सी एशिया क्यापिटल लिमिटेड निष्काशन तथा बिक्री प्रबन्धक र योजना व्यवस्थापक रही एन आई सी एशिया इक्वीटी लिङ्कड इन्भेष्टमेण्ट स्किम (NIC ASIA Equity Linked Investment Scheme) को पहिलो चरणमा बीज पूँजी सहित रु.१०/- अंकित दरका ५,००,००,००० (पाँच करोड) इकाई मिति २०८२/०४/२९ गतेदेखि मिति २०८२/०५/१२ गतेसम्म सार्वजनिक रुपमा निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा उक्त समयमा बीज पूँजी सहित जम्मा ८२,८२८ जना आवेदकहरुबाट जम्मा रु.७,४०३,१६,०००/- बराबरको इकाई खरिदको लागि अन्तिम आवेदन प्राप्त भएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ । जुन पहिलो चरणमा माग गरिएको इकाई भन्दा १.४८ गुणा भन्दा बढी रहेको छ ।

उक्त योजनाको इकाई निष्काशनको समयमा जम्मा ८२,८२८ आवेदकहरुबाट जम्मा रु.७,४०,३१,६०० इकाई खरिदको लागि आवेदन प्राप्त भएकोमा ९१ जना आवेदकहरुबाट प्राप्त १४,६०० इकाई रितपुर्वक नदेखिएकोले बाँडफाँडमा समावेस नगरि जम्मा ८२,७३७ आवेदकहरुले रितपुर्वक माग गरेको जम्मा ७,४०,१७,००० (बीज पूँजी सहित) इकाई माग गरे बमोजिम नै मिति २०८२/०५/१६ गते सोमबार दिनको ४:३० बजे निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय थापाथली, काठमाण्डौमा बाँडफाँड गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

एन आई सी एशिया इक्वीटी लिङ्कड इन्भेष्टमेण्ट स्किमको इकाई पहिलो चरणमा ५ करोड इकाई खरिदको लागि दरखास्त आह्वान गरिएको भएतापनि नेपाल धितोपत्र बोर्डबाट उक्त योजनाको बीज पूँजी सहित रु.१ अर्व बराबरको १० करोड इकाई बिक्री गर्न स्वीकृत प्राप्त भएको र बोर्डबाट स्वीकृत उक्त योजनाको विवरणपत्रमा समेत अधिकतम बिक्री गर्न सकिने योजनाको इकाई बीज पूँजी सहित रु.१ अर्व भएको हुँदा रितर्पुवक आवेदन दिनुहुने सम्पूर्ण आवेदकहरुलाई प्रचलित "धितोपत्र बाँडफाँड निर्देशिका, २०७४" को अधिनमा रही लगानीकर्ताहरुलाई माग गरे बमोजिमको इकाई बाँडफाँड गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

एन आई सी एशिया इक्वीटी लिङ्कड इन्भेष्टमेण्ट स्किम खुलामुखी योजना रहेको हुँदा उक्त योजनाको इकाई बाँडफाँड भएको मितिले तीन महिना भित्र योजनाको इकाई पुनः खरिद बिक्री तथा SIP, MINI SIP रजिष्ट्रर गर्न मिल्ने गरी नियमित रुपमा कारोवार संचालनमा ल्याउने योजना रहेको व्यहोरा समेत सहर्ष जानकारी गराउदछौं । साथै यस निष्काशन कार्यमा सहयोग गर्नु हुने श्री नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, सम्पूर्ण सि-आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरु, संचारकर्मी लगायत अन्य सम्बन्धित निकायहरु एवं शुभ चिन्तकहरु तथा इकाई खरीदको लागि आवेदन दिनुहुने सम्पूर्ण आवेदकज्यूहरुमा हार्दिक आभार प्रकट गर्न चाहन्छौं ।

Ramendra

NIC ASIA CAPITAL

रामेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत